आज मिति २०७२ चैत्र ४ गते बिहीवारका दिन मेचीनगर नगरपालिका कार्यालयका कार्यकारी अधिकृत तथा नगरप्रमुख श्री पशुपति खतिवडाज्यूको अध्यक्षतामा नगरपालिकाको वोर्ड बैठक निम्न उपस्थितिमा बस्यो ।

उपस्थिति

कार्यकारी अधिकृत तथा नगरप्रमुख — श्री पशुपति खतिवडा

आमन्त्रित

सामुदायिक विकास अधिकृत — श्री अनन्त प्रकाश वस्ती

इन्जीनियर — श्री कमल प्रसाद कोइराला

ना.सु. — श्री लक्ष्मी राई

निर्णय नं. १ मेचीनगर वडा नम्बर १२, १३ र ७ हुँदै जाने सडक योजना Uprgading of Gokul Marga Mechinagar Municipality, Porject Code No. UGDP/MECHI/W/NCB-6.02 को निर्माण गर्ने कार्यको लागि नियुक्त निर्माण व्यवासायीलाई नियमानुसार संझौता गरि प्रथम पटक निर्माण सम्पन्न गर्नुपर्ने समय मिति 1st May 2015 उल्लेख गरि रु.३,२५,८९,६०७/७७ मा सम्झौता भएको । खोलाबाट बाटो निर्माणका लागि सामाग्री उठाउन नपाएको, सडकाको दायाँबायाँ ड्रेन सम्बन्धमा स्थानीय उपभोक्तासँग विवाद भै कार्य अगाडी बढाउन नसकेको र सो समस्या समाधानका लागि PCO विश्व बैङ्को प्रतिनिधि समेतको उपस्थित भई ग्रिभान्स रिड्रेस कमिटी समेतमा छलफल भई पुनः Variation पठाइएको र निर्माण व्यवसायीलाई तोएिका समयमा कार्यसम्पन्न गर्न स्थानीय समस्या, सँगसगै कार्यालयबाट स्थानीय उपभोक्ताहरुसँग समेत योजना संचालन गराउन सहमति उपलब्ध गराउन नसक्नु र निर्माण सामाग्री संकलनमा आएको समस्या समेतका कारण निजबाट उपलब्ध गराइएको समयमा कार्य सम्पन्न गर्न नसक्ने अवस्थाको कारण देखाई मे.न.पा. कार्यालयमा समय थपको लागि निवेन दर्ता गराएको । उक्त निवेदन माथि कार्यालयको तर्फबाट मिति 30th Nov 2015 ( २०७२/०८/१४ ) सम्मको समय थप गर्न PCO मा No Objection का लागि पठाएको र सोही अनुसार No Objection समेत प्राप्त भई निजलाई निर्माण समय थप गरीएको र हाल निर्माण व्यवसायीले थपिएको समय भित्र निर्माण कार्य सम्पन्न गरी अन्तिम बिल समेत कार्यालयमा दर्ता गराएको देखिन्छ । यसरी उपलब्ध गराएको अन्तिम समयमा निर्माण व्यवसायीले कार्यसम्पन्न गरेको अवस्था र निर्माणको समयमा भएका विभिन्न व्यवधानहरुका कारण Milestone पुरा गर्न नसक्नु निर्माण व्यवसायीको काबु बाहिरको परिस्थिति भएको देखिदा अन्तिम भुक्तानी गर्दा Milestone सम्बन्धीका Cluse No. 47.1 नलगाउन स्वाभाविक देखिदा PCO मा No Objection माग गरी पठाउने निर्णय गरियो ।